स्थानीय सरकार

# लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

फोन नं. ०७१-५८०३०५, ०७१-५८०३४९
Email: Lumbiniculturalmunicipality@gmail.com
Website: lumbinisanskritikmun.gov.np

पत्र संख्या : २०८३।०८४
चलानी नं. : ९०

मिति:२०८३/०५/१६

## निबन्ध लेखन प्रतियोगितासम्बन्धी सूचना ।

श्री सामुदायिक, संस्थागत तथा धार्मिक माध्यमिक विद्यालय सबै,
लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देही ।

प्रस्तुत विषयमा यस कार्यालयले सेप्टम्बर ८ तारिख, तद्अनुसार २०८३/०५/२३ गतेका दिन "मानव, पृथ्वी र समृद्धिका लागि साक्षरता" भन्ने आदर्श वाक्यका साथ ६० औं अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा देहायबमोजिमको शीर्षक, मिति, समय, स्थानमा निबन्ध लेखन प्रतियोगिता सञ्चालन गर्न लागिएकोले लुम्बिनी सौंस्कृतिक नगरपालिका भित्रका सामुदायिक, संस्थागत तथा धार्मिक माध्यमिक विद्यालयका लागि यो सूचना जारी गरिएको छ ।

१. निबन्ध लेखनको शीर्षक प्रतियोगिताको शीर्षकः " जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका लागि शिक्षाको भूमिका"
२. निबन्ध लेखन प्रतियोगिता सञ्चालन हुने मिति, समय र स्थानः
मितिः २०८३/०५/२३ गते।
समयः बिहान ११:०० बजेदेखि।
स्थानः नगरपालिकाको हल।
३. निबन्ध लेखन प्रतियोगिताका नियम तथा आधारहरुः
क। प्रतियोगिता सञ्चालन लुम्बिनी सौंस्कृतिक नगरपालिकाभित्रका माध्यमिक तहका प्रत्येक विद्यालयबाट एक जना मात्र विद्यार्थी सहभागी हुन सक्नेछन् ।
ख। प्रतियोगितामा सहभागीहरुले अनिवार्य रुपमा परिचयपत्र, पोसाकसहित उपस्थित हुनु पर्नेछ । साथमा एक जना शिक्षक प्रतिनिधिसमेत उपस्थित हुनु पर्नेछ ।
ग। निबन्ध लेखन नेपाली भाषामा हुनुपर्नेछ।
घ। आयोजकको निर्देशन पालना गर्नु सबै सहभागीको कर्तव्य हुनेछ।
ङ। मूल्याङ्ककर्ता कार्यालयले तोके बमोजिमका व्यक्तित्वहरु मध्ये तीन जना रहनेछन् ।
च। प्रतियोगितामा मूल्याङ्कनको आधार मौलिकता, तथ्य, तार्किकता, भाषिक शुद्धता आदि समेतलाई लिइनेछ ।
छ। प्रतियोगितामा कूल समय १ घण्टाको हुनेछ ।
ज। उत्कृष्ट निबन्धलाई प्रथम, द्वितीय, तृतीय र १ जनालाई सान्त्वना गरी क्रमशः रु.५०००/-, रु.४०००/-, रु.३०००/- र रु.१०००/- जनही नगद पुरस्कारसहित प्रमाणपत्र प्रदान गरिनेछ ।
झ। प्रतियोगतामा भाग लिन चाहने माध्यमिक विद्यालयहरुले मिति २०८३ भदौ २२ गतेसम्ममा विद्यालयको आधिकारिक पत्रसहित सहभागीको विवरण शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता गराई सक्नुपर्नेछ ।

२०८३।५।१६

हरिप्रसाद ज्ञवाली

उपसचिव
हरिप्रसाद ज्ञवाली
उपसचिव